# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असार २९ गते २०३८ साल ( संख्या १४

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

निम्न लेखिए अनुसार अध्यक्ष तथा सदस्य भएको गण्डकी अञ्चल विशेष अदालत गठन गरेको छः–

(क) श्री अञ्चल न्यायाधीश, गण्डकी अञ्चल अदालत– अध्यक्ष

(ख) श्री जिल्ला न्यायाधीश, कास्की जिल्ला अदालत– सदस्य

(ग) श्री सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता, पश्चिमाञ्चल क्षेत्रीय सरकारी अधिवक्ता कार्यालय– सदस्य

गण्डकी अञ्चल कास्की जिल्ला शिसुवा आदर्श गा. पं. वार्ड नं. २ को भण्डार ढिक चौर भन्ने कि.नं. ३३९ को पर्ति जग्गा सोही गा. पं. र वार्ड बस्ने श्री खेमराज भण्डारी समेतले दर्ता गरिएको दर्ता बदर गरी उक्त जग्गा सन्धिसर्पन कायम गरी पाउँ भन्ने कास्की जिल्ला अदालतमा दायर रहेको मुद्दा उक्त अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ ।

यस विशेष अदालतले आफ्नो मुकाम गण्डकी अञ्चलमा जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

आज्ञाले–

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।